नेपाल सरकार
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
वैदेशिक रोजगार विभाग
# ई.पी.एस.कोरिया शाखा
ग्वार्को, ललितपुर ।

नेपाल सरकार
श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पि.एस. शाखा

पत्र संख्या: २०८०/८१
चलानी नः

**<u>Shipbuilding Sector मा सहभागि भएका परीक्षार्थीहरले Manufacturing Sector मा परीक्षा फाराम भर्ने सम्वन्धी अत्यन्त जरुरी सूचना!</u>**

यस शाखाबाट मिति २०८०।८।१९ तदनुसार 5 December, 2023 मा Manufacturing Sector तर्फको कोरियन भाषा परीक्षाको आवेदन फाराम भर्न सूचना प्रकाशन गरिएको। उक्त सूचनाको बुँदा नं. ५ (च) मा HRD Service of Korea बाट यस शाखालाई सन् २०२३ को जुलाई ३१ मा लेखिएको पत्र वमोजिम एक बर्ष भित्र संचालन हुने परीक्षामा एउटा परीक्षार्थीले एउटा भन्दा वढी क्षेत्रमा परीक्षा दिन नपाउने व्यहोरा उल्लेख गरेको।

सो व्यहोराको विरुद्धमा सन् २०२३ मा Shipbuilding Sector मा सामेल भएका परीक्षार्थीहरु मध्ये सुरज पाठक समेत १८ जनाले सन् २०२३ मा आवेदन माग गरिएको Manufacturing Sector मा परीक्षा आवेदन फाराम भर्न पाउनु पर्ने माग राखि EPS कोरिया शाखा, बैदेशिक रोजगार विभाग, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई विपक्षी वनाई उच्च अदालत पाटनमा निवेदन पेश गरेको। सो निवेदनको सम्वन्धमा उच्च अदालत पाटनवाट मिति २०८०।९।५ मा जारी भएको अन्तरीम आदेशमा निवेदकहरुको हकमा उल्लेखित मिति २०८०।८।१९ को सूचना वमोजिम मिति २०८०।९।२ वाट खुल्ला गरिएको आवेदन फाराम भर्न रोक नलगाउनु र निवेदकहरुलाई आवेदन फाराम भर्न दिनु भनि विपक्षीहरुको नाममा उच्च अदालत नियमावली २०७३ को नियम ४२ वमोजिम मिति २०८०।०९।०५ मा अन्तरिम आदेश जारी भएको। सम्मानित उच्च अदालतको सोहि अन्तरिम आदेश वमोजिम १८ जना निवेदकहरुलाई मात्र फाराम भर्न मिति २०८०।०९।१३ गते विहान १० वजे देखि ३ बजे सम्म ई.पी.एस. शाखा, ग्वार्कोमा सम्पर्क गर्न सूचना प्रकाशित गरेको। सो सूचनाको विरुद्धमा सम्मानीत उच्च अदालत पाटनमा अर्को रीट दर्ता भएको र सम्मानीत उच्च अदालतवाट सोही रीट उपर सुवाइ गर्दै मिति २०८०।०९।१३ गते निवेदकहरु लगायत निवेदक सरहका समान प्रकृतिका ईच्छुक व्यक्तिहरुलाई उल्लेखित मिति २०८०।०८।१९ को सूचना वमोजिम मिति २०८०।०९।०२ वाट खुल्ला गरिएको आवेदन फाराम भर्न रोक नलगाउनु र परीक्षा आवेदन फाराम भर्न दिनु दिलाउनु भनि विपक्षीहरुको नाममा उच्च अदालत नियमावली, २०७३ को नियम ४२ (१) वमोजिम अन्तरिम आदेश जारी भएको। सो विषयमा HRD Service of Korea को सकारात्मक प्रतिकृया प्राप्त एको हुँदा बैदेशिक रोजगार विभागको मिति २०८०।०९।१३ को निर्णय

नेपाल सरकार

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

वैदेशिक रोजगार विभाग

# ई.पी.एस.कोरिया शाखा

**ग्वार्को, ललितपुर ।**

पत्र संख्याः २०८०/८१

चलानी नः

अनुसार तपसिलमा उल्लेखित मितिमा र तपसिलमा उल्लेखित योग्यता भएका आवेदकहरुले मात्र फाराम भर्न पाउने व्यवस्था मिलाइएकोले सम्वद्ध सम्पुर्ण सरोकारवालाहरुको जानकारीको लागि यो सूचान प्रकाशित गरिएको छ।

<u>तपसिल</u>

१) सन् २०२३ मा Shipbuilding sector मा फाराम भरेका आवेदकहरुले मात्र फाराम भर्न सकिने।सो भन्दा वाहेकका व्यक्तिले फाराम भर्न पाइने छैन। यदि भरेको खण्डमा स्वतः रद्द हुनेछ।

२) फाराम भर्ने मिति २०८०।०९।१६ गते देखि १८ गते सम्म।

३) **आवेदकको योग्यता :-** २०८०।०८।१९ मा प्रकाशित सूचनामा तोकिए वमोजिम हुने (उमेर १८ वर्ष देखि ३९ वर्ष भित्रका नेपाली नागरिक, अर्थात सम्बन्धित उम्मेदवारको जन्म मिति सन् १९८३ डिसेम्वर १९ देखि सन् २००५ डिसेम्वर १८ (तदानुसार वि.सं.२०४० पुस ४ देखि २०६२ पुस ३) बीचको हुनु पर्नेछ ।)

४) उक्त तोकिएको दिनहरुमा फाराम पुर्ण रुपमा Online प्रणालीवाट साविक वमोजिम नै भर्न सकिने छ।

शाखा अधिकृत

ई.पी.एस कोरिया शाखा